सुनापति गाउँकार्यपालिकाको बैठक संख्या: ०३
आ.व २०८१/०८२
मिति: २०८१ आश्विन २१ गते सोमवार
समय: बिहान ११:०० बजे
स्थान: सुनापति गाउँपालिका

आज मिति २०८१ आश्विन २१ गते सोमवार दिन यस सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलो कान्छा तामाङज्यूको अध्यक्षतामा यस सुनापति गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

१. श्री ठुलो कान्छा तामाङ — अध्यक्ष
२. श्री गीता विष्ट — उपाध्यक्ष
३. श्री ध्रुव प्रसाद चौलागाई — सदस्य
४. श्री पदम बहादुर थापा — सदस्य
५. श्री कुल बहादुर थिङ — सदस्य
६. श्री डन्डुप लामा — सदस्य
७. श्री चित्र बहादुर मानन्धर — सदस्य
८. श्री रीता कामि धमला — सदस्य
९. श्री अविना लामा — सदस्य
१०. श्री सुनमाया तामाङ — सदस्य
११. श्री हरि माया श्रेष्ठ — सदस्य
१२. श्री टासी लामा — सदस्य
१३. श्री मिन कुमार खाती — सदस्य
१४. श्री सुरेश कुमार श्रेष्ठ — सचिव

अन्य उपस्थिति:

१५. श्री रन्जिता तामाङ
१६. श्री श्रीराम ढुंगाना

प्रस्तावहरु :

१. समिक्षा सम्वन्धमा ।

२ विपद व्यवस्थापन सम्वन्धमा ।

३. वोलपत्र आह्वान सम्वन्धमा ।

४. मेडिकल अधिकृतको सेवा सुविधा सम्वन्धमा

५. गणकको पारिश्रमिक सम्वन्धमा ।

६. विस्तृत परियोजना प्रतिवेदन सम्वन्धमा ।

७. विविध सम्वन्धमा

निर्णयहरु :

**निर्णय नं.१:** प्रस्ताव नं. १ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँकार्यपालिकाको कार्यपालिका बैठक २०८१ सालको गाउंपालिकाको क्यालेन्डर अनुसार अनिवार्य तोकिएको मितिमा २ पटक र आवश्यकता अनुसार सो भन्दा वढी वस्ने साथै कार्यपालिकाको पूर्व निर्णयहरु क्रमशः कार्यान्वयन भईरहेको समिक्षा सहितको निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ माथि विस्तृत छलफल गर्दा मिति २०८१/०६/११ र १२ गते परेको अविरल वर्षाको कारण भएको निजी घर, पशु चौपाया र कृषिमा भएको क्षतिको विवरण २०८१/०६/२२ गते सम्म पालिकामा पेश गर्ने र सो सम्वन्धमा सुनापति गाउँपालिका, वागमति प्रदेश सरकार र संघीय सरकारको विपद व्यवस्थापन कार्यविधि अनुसार व्यवस्थापन गर्ने साथै सो वर्षाको कारण सडकमा भएको विपदको सम्वन्धमा सडकको पहिरो हटाउन,मर्मत सम्भार गर्न प्रत्येक वडाका वडा अध्यक्षहरुलाई जिम्मेवार वनाई स्काभेटर (डोजर) मार्फत मिति २०८१/०६/२४ गते सम्म काम गराई वाटोको अवरोध हटाउन लगाउने, सो कामको डोजरको भुक्तानी गाउंपालिकाको ईन्जिनियर तथा प्राविधिक, वडा प्राविधिकको मूल्याङ्कनको आधारमा र मेसिन चलाएको समयको आधारमा प्रतिघण्टा जिल्ला दररेट वमोजिम दिने र ईन्धनको खर्च भुक्तानी पेश्की निकासा गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ माथि विस्तृत छलफल गर्दा चालु आ.व. २०८१/०८२ को स्वीकृत वजेट तथा कार्यक्रम अनुसार तपसिलका कार्यक्रम तथा योजना कार्यान्वयन गर्न वोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

तपसिल:

क) पूर्णसिंहको घर डाँडा देखि सुनापति सम्म सडक योजना रु. २ (दुई) करोड (संघीय समपुरक)

ख) सादीडाँडा डोग्मा हुँदै गाल्पा सडक स्तारोन्नती रु. २ (दुई) करोड (प्रदेश समपुरक)

ग) साङजा खोला वाल मा.वि. भ्वांसा पालिका जाने वाटो स्तारोन्नती रु. २ (दुई) करोड (प्रदेश समपुरक)

घ) कामाखोला चौरीखोला सामुदायिक खानेपानी योजना रु. १ करोड ४० लाख (विशेष अनुदान)